# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूर दृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।४

श्री नगर प्रमुखज्यू,
बनेपा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेकोछ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ।स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.: २६४

मितिः२०७८/५/४

श्री नगर प्रमुखज्यू
बनेपा नगरपालिका,
काभ्रेपलाञ्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले बनेपा नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको भएतापनि समग्र आर्थिक कारोबारलाई समेट्न सकेको छैन ।
२. लेखापरीक्षणबाट रु.३ करोड ८३ लाख ५२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७८ लाख १७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २३ लाख २४ हजार र पेश्की रु.१ करोड ८२ लाख ११ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।३।०५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३६(छत्तीस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरीक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# बनेपा नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले बनेपा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बनेपा नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा, ७२ सभा सदस्य, ५४.५९ वर्ग किलोमिटर क्षेत्रफल तथा ५५ हजार ६२८ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्षको रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १,३८,६०,५२,२४४ | ९१,९८,७४,९०५.२० | | ९१,९८,७४,९०५.२० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८२,५०,८१,००० | ७०,८६,४१,७३८.७२ | ० | ७०,८६,४१,७३८.७२ |
| ११००० कर | ११ | २०,३९,५४,००० | २०,९६,६६,३२४.४४ | ० | २०,९६,६६,३२४.४४ |
| १३००० अनुदान | | ५७,७४,१७,००० | ४६,५८,३३,४००.२५ | ० | ४६,५८,३३,४००.२५ |
| संघीय सरकार | १२ | ५०,७७,७३,००० | ४२,२५,६३,०५१.७५ | ० | ४२,२५,६३,०५१.७५ |
| प्रदेश सरकार | १२ | ६,९६,४४,००० | ४,३२,७०,३४८.५० | ० | ४,३२,७०,३४८.५० |
| १४००० अन्य राजस्व | | ४,३७,१०,००० | ३,३१,४२,०१४.०३ | ० | ३,३१,४२,०१४.०३ |
| ख. अन्य प्राप्ति | | ५६,०९,७१,२४४ | २१,१२,३३,१६६.४८ | | २१,१२,३३,१६६.४८ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ४०,६९,००,००० | ५,६३,४८,८३४.७८ | ० | ५,६३,४८,८३४.७८ |
| धरौटी | | ० | ३४,२१,१५३.७० | ० | ३४,२१,१५३.७० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १५,४०,७१,२४४ | १५,१४,६३,१७८ | ० | १५,१४,६३,१७८ |
| भुक्तानी (ग+घ) | | १,५५,४०,५२,२४४ | ७६,०६,१९,५८९.१५ | | ७६,०६,१९,५८९.१५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ९९,३०,८१,००० | ५८,९२,२०,६२७.११ | | ५८,९२,२०,६२७.११ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १३,७२,५४,००० | १०,८१,५७,४६५.७२ | ० | १०,८१,५७,४६५.७२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७,३०,४०,००० | ३,२७,८५,७८७.५७ | ० | ३,२७,८५,७८७.५७ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | १०,००,००० | २,१५,४७०.२० | ० | २,१५,४७०.२० |
| २५००० सहायता (Subsidy) | १८ | २३,३८,०५,००० | २१,७२,०२,८११.२५ | ० | २१,७२,०२,८११.२५ |
| २७००० सामाजिक सुरक्षा | १८ | ८३,५०,००० | ३०,०१,३६४ | ० | ३०,०१,३६४ |
| २८००० अन्य खर्च | १८ | ७७,००,००० | ७,०३,००० | ० | ७,०३,००० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५२,०९,३८,००० | २१,८१,७८,८७६ | ० | २१,८१,७८,८७६ |
| ३३००० दायित्व | १८ | १,०९,९४,००० | ८९,७५,८५२.३७ | ० | ८९,७५,८५२.३७ |
| घ. अन्य भूक्तानी | | ५६,०९,७१,२४४ | १७,१३,९८,९६२.०४ | | १७,१३,९८,९६२.०४ |
| कोषहरु | | ४०,६९,००,००० | १,८४,४१,१८७.३४ | ० | १,८४,४१,१८७.३४ |
| धरौटी | | ० | १४,७७,१६४.७० | ० | १४,७७,१६४.७० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १५,४०,७१,२४४ | १५,१४,६३,१७८ | ० | १५,१४,६३,१७८ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | १७,४३२ | | १७,४३२ |
| ङ. यो वर्षको बचत (न्युन) | | (१६,८०,००,०००) | १५,९२,५५,३१६.०५ | | १५,९२,५५,३१६.०५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २९,७८,८२,०२९.०५ | | २९,७८,८२,०२९.०५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१६,८०,००,०००) | ४५,७१,३७,३४५.१० | | ४५,७१,३७,३४५.१० |
| बैंक तथा नगद बाकी | २४ | | ४५,७१,५६,७७७.१० | | ४५,७१,५६,७७७.१० |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>
• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>
• नगरपालिकाले बैंक समायोजन हिसाब खाता नराखेकोले स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ७४३९५०८४.२८ ले फरक देखिएको छ ।<br>
• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै कारोबारलाइ समेटेको छैन ।<br>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>जिम्मेवारी सारेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा संचित कोषमा रु.२९६०३६५०९। मौज्दात कायम भएकोमा एकिकृत आय व्यय विवरणा र वित्तीय प्रतिवेदनमा रु.२९६०३६५०९। नै जिम्मेवारी सारेको देखाएको छ ।</td><td></td></tr>
<tr><td>३.</td><td>नगरपालिकामा संचालनमा रहेका कोषहरुको आय व्ययको विवरण देहायबमोजिम रहेका छन् ।
<table>
<tr><th>कोषको नाम</th><th>गत वर्षको अ ल्या</th><th>यस वर्षको आम्दानी</th><th>खर्च</th><th>बाँकी</th></tr>
<tr><td>कर्मचारी कल्याणकारी कोष</td><td>१२६६५६११.०५</td><td>१००००००००.</td><td>६५६४४२१</td><td>१६१०११९०.०५</td></tr>
<tr><td>आकस्मिक कोष खाता (मर्मत सम्भर कोष र वातावरण व्यवस्थापन कोष)</td><td>२६४१००१.३४</td><td>०.</td><td>०.</td><td>२६४१००१.३४</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन कोष</td><td>३९५०४८.</td><td>६७०२६२५.</td><td>५१००१९०.</td><td>१९९७४८३.</td></tr>
<tr><td>भिसिडिपी</td><td>०.</td><td>२०१०००.</td><td>२६६१०.</td><td>१७४३९०.</td></tr>
<tr><td>प्रदेश सिसि क्यामरा</td><td>०.</td><td>२८००००.</td><td>०.</td><td>२८००००.</td></tr>
<tr><td>काभ्रे एकिकृत खानेपानी आयोजना</td><td>२२५१३८०.</td><td>०.</td><td>०.</td><td>२२५१३८०.</td></tr>
<tr><td>महिला स्वयंसेविका अवकाश कोष</td><td>१९००००.</td><td>०.</td><td>०.</td><td>१९००००.</td></tr>
<tr><td>संचित बिदा कोष</td><td>५००००.</td><td>०.</td><td>०.</td><td>५००००.</td></tr>
<tr><td>उपचार खर्च कोष</td><td>५००००.</td><td>०.</td><td>०.</td><td>५००००.</td></tr>
<tr><td>तुल्टी जग्गा एकिकरण आयोजना</td><td>३४५९७५८.२६</td><td>०.</td><td>०.</td><td>३४५९७५८.२६</td></tr>
<tr><td>सामाजिक सुरक्षा कोष</td><td>५०००.</td><td>०.</td><td>०.</td><td>५०००.</td></tr>
<tr><td>संरक्षित मुद्दति कोष १० खाता</td><td>४५५२३७४.२५</td><td>०.</td><td>०.</td><td>४५५२३७४.२५</td></tr>
<tr><td>संरक्षित चाल्ति खाता मौज्दात</td><td>१६७२२९१.६७</td><td>१३०३३२.८५</td><td>०.</td><td>१८०२६२४.५२</td></tr>
<tr><td>जम्मा</td><td>२७९३२४६४.५७</td><td>१७३१३९५७.८५</td><td>११६९१२२१.</td><td>३३५५५२०१.४२</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.</td><td>बैक हिसाब मिलान विवरण – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको फरक पर्न गएको रकमको बैंक हिसाब मिलान विवरण तयार गरेको छ ।</td><td></td></tr>
</table>

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | ४१५४५९६२० | ४८०५२६२१२.६२ | ६५०६६५९२.६२ |
| ३ | चालु खाता | ० | २३२७२९९.४१ | २३२७२९९.४१ |
| २ | पुँजीगत खाता | ० | ११७३०६७. | ११७३०६७. |
| ४ | धरौटी | ३७८९५०९. | ५०४८४५४.२५ | १२५८९४५.२५ |
| ५ | प्रकोप व्यवस्थापन कोष | १९९७४८३. | २३०३९१६. | ३०६४३३. |
| ६ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ४२६२४६७. | ४२६२४६७. |
| ७ | विविध कोष खाता | ४५४३९०. | ४५४६७०. | २८०. |
| | **जम्मा** | ४२१७०१००२. | ४९६०९६०८६.२८ | ७४३९५०८४.२८ |

४.१. संचित कोषमा रु.६५०६६५१९.२५ फरक परेकोमा नगरपालिकाले आम्दानी बाँध्न छुट तथा भुक्तानी दिन बाँकीको प्रमाणित विवरण पेश गरेको छ ।

४.२. नगरपालिकाले चालु खाताको रु २३२७२९९.४१ तथा पूजीगत खाताको रु ११७३०६७.९२ फरक परेको रकम चेक साट्न बाँकीको म्याद सम्म चेक साटिएको बैंक स्टेटमेन्ट अनुसार देखिएको छ । सो पश्चात चालु खातामा रु.५३२००।०० र पुँजीगत खातामा रु.१००३७७.२९ बाँकी नै देखिएको रकम मिति २०७७।११।१८ मा संचित कोष ट्रान्सफर गरी खाता शुन्य बनाएको छ ।

४.३. धरौटी खातामा फरक देखिएको रकम रु १२५८९४५.२५ बैंक भौचर प्राप्त नभएको रु १२,४६,९१५ र भुक्तानी बाँकी रु १२०३०। को विवरण पेश गरेकोमा आम्दानी बाँध्न छुट रकम आम्दानी बाँधी खाता दुरुस्त राखु पर्दछ ।

४.४. बाँडफाँडबाट प्राप्त राजस्व खातामा आषाढ मसान्तमा बाँकी देखिएको रु.४२६२४६७।०० हालसम्म पनि सोही खातामा रहेको रकम संचितकोषमा ट्रान्सफर गर्नुपर्ने रु. ४२६२४६७.००

५. संघीय सशर्त हस्तान्तरीत कार्यक्रमको खर्च देखाएको रकममा देहाय अनुसार फरक परेको कारण स्पष्ट भएन ।

| | सुत्रले देखाएको खर्च | बैंक नगदी किताबले देखाएको खर्च | आय व्ययमा देखाएको खर्च |
|---|---|---|---|
| चालु खर्च तर्फ | २४०२७२८३२.७५ | २४०२६६६९४.७५ | २४०२७२८३२.७५ |
| पुँजीगत खर्च तर्फ | २५९६२३९.०० | २५९६२३९.०० | २५९६२३९.०० |
| जम्मा | २४२८६९०७१.७५ | २४२८६२९३३.७५ | २४२८६९०७१.७५ |

उपरोक्त अनुसार सुत्रले देखाएको खर्च बैंक नगदी किताब म्यानुअलले देखाएको खर्च बिचमा रु ६१३८ फरक परेको तथा बैंक नगदी किताब र कार्यालयले तयार गरेको वार्षिक आय व्यय विवरणमा देखाएको खर्च बिचमा रु २१०१६६९९.००ले फरक परेको छ ।

५.१. नगरपालिकाले चालु खाता तथा पूजीगत खातातर्फको चेक साट्न बाँकीको म्याद सम्म चेक साटिएको बैंक स्टेटमेन्ट अनुसार चालु खातामा रु.५३२००।०० र पुँजीगत खातामा रु.१००३७७.२९ बाँकी नै देखिएको रकम मिति २०७७।११।१८ मा संचित कोष दाखिला गरको छ ।

६. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- तोकिएको ढांचामा ठेक्का विल तयार नगरेको र ठेक्का बिलमा हाल सम्म भएको अध्यावधिक काम देखिने गरि अभिलेख नराखेको ।
- नगर पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष

| | | | |
|---|---|---|---|
| | | संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेस्ता र बैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति ३ पटक, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति को २ पटक रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको र आर्थिक वर्षको अन्तमा मात्र मात्र इटिडिएस गरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा | |

प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले शिक्षक, स्वास्थ्य तथा अन्य नगरपालिकातर्फको स्थायी र विषयगत शाखातर्फको तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरीक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## बजेट तथा कार्यक्रम

७. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा नगर उप प्रमुख रेखा सापकोटा(दाहाल) ले मिति २०७६।३।१० गते रु.८८ करोड ६२ लाख ८७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएन ।

८. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यको लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिती देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | बनेपा नगरपालिका | २०५५६९ | ५७९७५ | ६४९८५ | ८२६०८ | ३७६९४ |
| २ | संघीय राष्ट्रिय परिचयपत्र | ९१७ | ० | २४९ | ६६८ | ३०५ |
| ३ | संघीय स्थानीय पुर्वाधार | १८७५७ | ० | २६५३ | १६१०४ | १४७०३ |
| ४ | प्रदेश पुर्वाधार विकास | ११९९० | ० | १६७९ | १०३११ | ८६३३ |
| | जम्मा | २३७२३३ | ५७९७५ | ६९५६६ | १०९६९१ | ६१३३५ |
| | खर्च प्रतिशत | | २४ | २९ | ४६ | २६ |

९. **सेवा प्रवाहः** नगरपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ।

| क सं | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १४२० | १४२० | |
| २ | घरबाटो सिफारिस | १४०० | १४०० | |
| ३ | नाता प्रमाणित | ७०० | ७०० | |
| ४ | जन्म मृत्यु दर्ता | १५३७ | १५३७ | |

१०. **क्षेत्रगत वजेटः** नगरपालिकाको क्षेत्रगत बजेट स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १७५००००० | ७८६८८४५ | ३.५६ |
| सामाजिक विकास | ५३०८५००० | २२२०८४०७ | १०.०५ |
| पूर्वाधार विकास | ३९१६००००० | १६५१०९४४७ | ७४.७३ |
| संस्थागत विकास र सेवा प्रवाह | ५००००० | ० | ०. |
| वित्तिय व्यवस्थापन र सुशासन | १०९९४००० | ८९७५८५२ | ४.०६ |
| कार्य संचालन तथा प्रशासनिक खर्च | १७५००००० | ८३९८५३३ | ३.८ |
| सम्पत्ती खरिद | १७५००००० | ८३९५००० | ३.८ |
| **जम्मा** | **५०८६७९०००** | २२०९५६०८४ | १०० |

## संगठन तथा कर्मचारी ब्यवस्थापन

११. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित स्वास्थ्य पशु सेवा कृषि सेवाको गरी जम्मा २०७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित संघबाट समायोजन भइ आएका ७० जना, साविक स्थानीय निकायमा कार्यरत ६४ जना र आन्तरिक पदपूर्तिबाट ७३ जना गरी २०७ जना पदपूर्ति भएको देखिन्छ ।

१२. **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ८६ जना कर्मचारीहरु करारमा राखी रु.२२०४३६३०/- खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर र आइटी पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३३७८२४०।- भुक्तानी गरेको छ ।

## कानून निर्माण एवं कार्यान्वयन

१३. **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले लेखापरीक्षण अवधिसम्म १२ वटा ऐन, १ नियमावली ८ कार्यविधि, २ निर्देशिका र ३ वटा नर्म्स गरी जम्मा २६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

१४. **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा निवेदन दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ यो बर्ष दर्ता भएको ५ गरी जम्मा ११ मध्ये २ वटा फछ्र्यौट भई ९ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| | | |
|---|---|---|
| १५. | **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविध खर्च शिर्षक अन्तरगत खाना खाजा, आर्थिक सहायता तथा सांस्कृतिक धार्मिक खर्च समेत गरी रु.२ लाख ८२ हजार खर्च गरेको छ । | |
| १६. | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.२८२१४५/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | **पदाधिकारी सुविधा** | |
| १७. | **स्वकीय सचिव र कानुनी सहजकर्ताः** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव र कानुनी सहजकर्ता राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगरपालिकाले नगर प्रमुखको स्वकीय सचिवका रुपमा पाँचौ स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री जीवन देबी रायमाझीलाई नियुक्त गरी तलब रु.२८२००,प्रोत्साहत भत्ता रु.२५००, संचार रु.१००० र मंहगी भत्ता रु.२००० गरी मासिक रु.३३७०० का दरले बार्षिक रु.४४८१००, नगर उपप्रमुखको स्वकीय सचिवका रुपमा चौथो स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री उमा प्रजापतीलाई नियुक्त गरी तलब रु.२६६१०,प्रोत्साहत भत्ता रु.२५००, संचार रु.१००० र मंहगी भत्ता रु.२००० गरी मासिक रु.३२११० का दरले बार्षिक रु.४२७४३० र कानुनी सहजकर्ताका रुपमा पाँचौ स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री सबिता सापकोटालाई नियुक्ती गरी मासिक रु.२८२०० का दरले वार्षिक रु.३७६६०० गरी जम्मा रु.१२५२१३०/- भुक्तानी भएको छ । | |
| | **अनुदान फिर्ता, वितरण र उपयोग** | |
| १८. | **प्रदेश समपुरक अनुदान** - आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको प.सं.१३।२०७६।७७ च.नं.४५१ मिति २०७६।०९।०७ को पत्रमा स्थानीय तह र प्रदेश सरकारको ५०।५० प्रतिशत लागत साझेदारी रहने गरी स्थानीय प्रथामिकता प्राप्त योजना संचालन गर्दा कुल लागत अनुमान भन्दा घटीमा ठेक्का व्यवस्थापन भएको अवस्थामा ठेक्का सम्झौता भएको ५० प्रतिशत रकम मात्र प्रदेश सरकारको लगानी हुने र प्रदेश सरकारबाट उपलब्ध गराइएको रकममा कबोल अंकको ५० प्रतिशत घटाउँदा बचत हुने रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । देहायको योजनाहरुको लागि बजेट विनियोजन भई रु.१,८०,१५,२००। प्राप्त भएकोमा २ वटा योजनाको रु.२६७६२९३४।६५ मा सम्झौता भएको ५० प्रतिशतले हुने रकम रु.१६,२१,३१९।३५ र १ वटा योजना संचालन नभएको रु.३०,१२,४५६।०० गरी जम्मा ४६३३७७५।३५ प्रदेश संचित कोष दाखिला गर्नुपर्नेमा रु.१०००००। मात्र फिर्ता गरेकोले बाँकी रु ४५३३७७५।३५ प्रदेश संचित कोष दाखिला गर्नुपर्ने रु. | ४६३३७७५.३५ |

| योजनाको नाम | निकासा प्राप्त | लागत अनुमान | सम्झौता | बचत | फिर्ता गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| आखलेपानी सांगलाखोला आकाशदेवी हुँदै आघाल सिंचाई तथा कृषि सडक सुधार | | | | | | |
| | ५००२७४४.०० | १०००५४८८.९४ | ७४६६२१९.३८ | २५३९२६९.५६ | १२६९६३४.७८ | ५०% |
| चारदोबाटो बकु गणेश भीरमार्ग हुँदै त्याटाला पुल बजार पिच | | | | | | |
| | १००००००.०० | २००००८४.४१ | १९२९६७१५.२७ | ७०३३६९.१४ | ३५१६८४.५७ | ५०% |
| बृहत खानेपानी | ३०१२४५६.०० | ०.०० | ०.०० | ३०१२४५६.०० | ३०१२४५६.०० | १००% |
| **जम्मा** | **१८०१५२००.००** | **३०००५५७३.३५** | **२६७६२९३४.६५** | **३२४२६३८.७०** | **४६३३७७५.३५** | |

## कर दस्तुर एवं आन्तरीक आय

१९. **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने हुन आएको राजस्वको सम्वन्धित आय शिर्षक जनाई कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप  फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ ।

२०. **आम्दानीको स्थितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरपालिकले यस वर्ष विभिन्न शिर्षकमा रु. २४,२८,०८,३३८.४७ आम्दानी गरेको देखिन्छ । नगरपालिकाले यस वर्ष ढुङ्गा गिट्टी बिक्रीबाट प्राप्त राजस्व मु अ कर समेत रु.१४१५००००।को मु अ कर कट्टा गरी हुने रकम शुत्रको आम्दानीमा देखाएको छैन।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | प्रतिशत |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | १,००,००,००० | ७८,१५,०७३.४५ | ७८.१५ |
| ११३१४ भुमिकर/मालपोत | २०,००,००० | ३३,३७,९५२.२९ | १६६.९० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ५,००,००,००० | ९,२०,४४,०३६.६८ | १८४.०९ |
| ११३२१ घरवहाल कर | ७०,००,००० | ९८,५१,८४५.१९ | १४.०८ |
| ११३२२ वहाल विटौरी कर | १,००,००० | ७३,४८० | ७३.४८ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ९,९१,००,००० | ६,६३,३२,३६९.९९ | ९९.९३ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १०,००० | ४६,०२० | ४६०.२० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४८,५०,००० | १७,१०,९५० | ३५.२८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,९६,९४,००० | २,३७,७२,३१५.८४ | ८०.०६ |
| ११४७९ अन्य मनोरञ्जन कर | १,५०,००० | २२,५०५ | १८.०० |
| ११६९१ अन्य कर | १०,५०,००० | ४६,५९,७७६ | ४४३.७९ |
| जम्मा कर राजस्व | २०,३९,५४,००० | २०,९६,६६,३२४.४४ | १०२.८० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,३०,००,००० | १७,१२,५२१ | १३.१७ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १,२०,००,००० | ० | ०.० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ७,००,००० | ६२,५७,११५.२६ | ८९३.८७ |
| १४२४१ पार्किङ्ग शुल्क | २,५०,००० | ० | ०.० |
| १४२४२ नक्सापास दस्तुर | १,४४,१०,००० | १,२७,८०,७५७.४० | ८८.६९ |
| १४२४९ अन्य दस्तुर | ३,५०,००० | ८९,३३,४३३.०७ | २५५२.४१ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५,००,००० | ३१,५७,१७७.०६ | १२६.२९ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,००,००० | ३,०१,०१०.२४ | ६०.२० |
| जम्मा गैर कर राजस्व | ४,३७,१०,००० | ३,३१,४२,०१४.०३ | ७५.८२ |
| जम्मा आन्तरिक राजस्व | २४,७६,६४,००० | २४,२८,०८,३३८.४७ | ९८.०४ |

२१. नगरपालिकाले नगदी रसिदको विवरण पेश गरेको भएतापनि वडा कार्यालयहरुले कति प्रयोगमा ल्याइ वर्षको अन्त्यमा कति बाँकी छन् सो को अभिलेख नराखेको, नगरपालिकले प्राप्त भएको रसिदबाट एकमुष्ट जोड जम्मा गरी बैक दाखिला गर्ने गरेको पाइयो । रसिदबाट हुने आम्दानीको दैनिक आम्दानी खाता, बैंक दाखिला खाता लगायतका म.ले.प.फारामहरु प्रयोग नगरेको कारण आम्दानी भिडान हुने अवस्था छैन ।

२२. **रकम ढिला दाखिला गर्नेः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९.६ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय

प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २/३ महिना पछी मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान जानु पर्दछ ।

२३. **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३१५७१७७.०६ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२४. **विज्ञापन कर** - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लगाइ असुल गर्ने उल्लेख छ ।नगरपालिकाले यस सम्बन्धी बार्षिक रु.११०७५००।बुझाउने गरी अर्ना हन्टर्स प्रा लि काठमाण्डौसंग आर्थिक वर्ष २०७६।७७ र ०७७।०७८ सम्म २ वर्षको लागी ठेक्का सम्झौता गरेकोमा सम्झौता अनुसार ठेकेदारले तिन किस्तामा रकम बुझाउनु पर्नेमा आर्थिक वर्षको अन्त्य सम्म निम्नानुसार रु.९०७५००।३२ मात्र नगरपालिकामा दाखिला गरेकोले नपुग रु.२०००००।ठेकेदारबाट वार्षिक १०% व्याज समेत असुल गर्नुपर्ने रु. २०००००

| किस्ता | बुझाउनु पर्ने रकम | बुझाएको रकम | बुझाएको मिति | नपुग |
|---|---|---|---|---|
| पहिलो | ३६९१६६।७० | ३६९१६६।६६ | ०७७।४।१ | |
| दोस्रो | ३६९१६६।७० | ३६९१६६।६६ | ०७६।८।४ | |
| तेस्रो | ३६९१६६।७० | १६९१६७। | ०७७।३।३१ | २०००००। |
| **जम्मा** | **११०७५००।** | **९०७५००।३२** | | **२०००००।** |

२४.१. **मु अ कर दाखिलाः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसार सम्झौता रकम रु११०७५००।को मूल्य अभिवृद्धि कर रु.१४३९७५ ठेकेदार अर्ना हन्टर्स प्रा लि काठमाण्डौसंग असुलले आन्तरिक कर कार्यालयमा बुझाएको प्रमाण समेत पेश नभएकोले मुल्य अभिबृद्धि कर रकम असुल गर्नुपर्ने रु. १४३९७५

२५. **कृषिमा आय कर** - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि निजहरुको स्वयं घोषणाको आधारमा कृषि आयमा कर लगाई असूल गरिने उल्लेख छ । तर नगरपालिकाले यसवर्ष यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन ।

२६. **वडा अनुसार राजश्व संकलनको व्यवस्थाः** नगरपालिकाले पेश गरेको वडागत आन्तरीक आम्दानीको विवरण निम्नानुसार रहेको छ । नगरपालिको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।

| वडा नं. | आय शिर्षक | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सम्पत्ति कर | मालपोत कर | घर बहाल | चार किल्ला सिफारिस | घरबाटो सिफारिस | अन्य | |
| १ | १८०१९२ | १३०९९१ | १६९०० | ७६७६० | १७६०६० | ८९८९५ | ६७०७९८ |
| २ | ८९५९३.२ | १०४९४० | ० | ६२७०० | ११३२१० | ९७८२० | ४६८२६३.२३ |
| ३ | ३६४१२५ | २१०२४३ | ० | १०९००० | १३३५०० | १३६१०५ | ९५२९७३ |
| ४ | ३६८७६७ | ४१०५२४ | ५६१८४ | १७३५९० | ३७२६६० | २६६४८७ | १६४८२१२ |
| ५ | ५८९१४५ | २०९६०५ | १६२२० | ९४७४० | १०४३१० | ११३५५५ | ११२७५७५ |
| ६ | ७२२८८४ | १६६४३० | १०११० | १५७६६० | १२६७८० | ५२५८५ | १२३६४४९ |
| ७ | ४२२४१३ | १०९९११.१५ | ६७१०० | १५५९४० | १०३८२० | १२४७७५ | ९८३९५९.५८ |
| ८ | १०११५४१ | २०१२७२ | १५५५३२७ | ८१५२० | ४४०८० | १३३९६० | ३०२७६९९.६ |
| ९ | ३६६५६९ | १८३९६२.१७ | १५२२०० | १६९०२० | २४४८०१ | १४७९७५ | १२६४५२७ |
| १० | १३८००७५ | ४४९३९३ | १९५६६१ | २९७५०० | ४४९५०० | ३२११०० | ३०९३२२९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | २२४४९५ | १७१०९४ | ६८०० | ८५००० | १९३४०० | ७०९०० | ७५१६८९ |
| १२ | ११३९४९ | ३२०८३६ | १४०० | १४५००० | ३२६५०० | २०९७७५ | १११७४६० |
| १३ | ६१५०७४ | ३०७९८५ | ४१८२५२९ | ८४००० | १२२६०० | १७००३० | ५४८२२१८.१ |
| १४ | ३६०८३३ | १०४७८२ | ५३९६५ | ६६००० | २०४९०० | ११८६१७ | ९०९०९७ |
| वडाको जम्मा | ६८०९६५५ | ३०८१९६८.३२ | ६३१४३९६ | १७५८४३० | २७१६१२१ | २०५३५७९ | २२७३४१५० |
| | | | | | | नगरपालिकामा विविध शिर्षकमा संकलित रकम | ३७५४६७५३ |
| | | | | | | आशापुरी रोडाबाट संकलित रकम | ५९६८७३ |
| | | | | | | कुल जम्मा | ६०८७७७७५.४८ |

२७. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राखुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु.२४,२८,०८,३३८.४७ गरेको बिवरण प्राप्त भएको छ । नगरपालिका कार्यालय र वडा कार्यालयहरुले नगरपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरु र बाकी रहेका रसिदहरुको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. तोकिएका म.ले.प.फारम नं. १०५, १०६, १०७, १०८ लगायत निम्नानुसारका अभिलेखहरु ब्यवस्थित राखेको नदेखिदा नगरपालिका र वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन । यस सम्वन्धमा यथार्थता छानविन गरीनु पर्दछ ।

२७.१. आन्तरीक आयमा प्रयोग हुने रसिदहरुको छपाई, आम्दानी, खर्च र बांकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित नरहेको,गत आ.व.मा छपाई भएका नगदी रसिदहरु समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक नगरेको,वडामा पठाइएको रसिदहरु र हाल रसिदको अवस्थाको सम्वन्धमा अभिलेख अद्यावधिक नभएको,बांकी रसिद प्याड कार्यालयमा फिर्ता गरिएको रसिद नियन्त्रण खातामा उल्लेख भएतापनि कार्यालयमा उपलब्ध नभएको,कतिपय वडाहरुले कार्यालयले उपलब्ध गराएको नगदी रसिद प्रयोग नगरेको ।

२७.२. आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ को उपदफा १ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदको हकमा सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरि स्रेस्ता खडा गर्नुपर्ने र उपदफा ५ मा दाखिला गर्नुपर्ने त्यस्तो नगदी रकम बैक र कार्यालय बीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्न थप म्याद तोकिदिन सक्नेछ भन्ने ब्यवस्था भएकोमा नगरपालिका र अन्तरगतका वडा कार्यालयहरुले ऐनमा उल्लेख भए बमोजिमको समायावधिमा बैक दाखिला नगरी ढिलो दाखिला गर्ने गरेको देखियो ।

२८. **ढुङ्गा गिट्टी ग्राभेल रोडाको कर संकलन ठेक्का सम्बन्धमाः** निजि खानी- आशापुरी रोडा ढुङ्गा सप्लायर्स प्रा लि बाट उत्पादन हुने खानीजन्य पदार्थको ढुङ्गा, गिट्टी, ग्राभेल, रोडाको संकलन शुल्क प्रति घ मि ९।र माटो प्रति घ मी २।५० को दरले रु.१२००००००। र ढुवानी गर्ने सवारी साधनमा सडक स्तरोन्नती शुल्क प्रति सवारी रु.३००।ले रु.३००००००। गरी रु. १५००००००।को लागत अनुमानमा स्वीकृत गरी ०७६।३।१९ मा बढाबढबाट बोलकबोलको सुचना प्रकाशन गरेको देखियो। एक मात्र सेफवे कन्स्ट्रक्सन प्रा लि काठमाण्डौले ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा संकलन शुल्क रु.१२००५०००। र सवारी साधन शुल्कमा रु.३००५०००। मुल्य अभिबृद्धि कर बाहेक रु.१५०१००००।बुझाउने ठेक्का कबोल गरेको अनुसार मिति २०७६।४।२३ मा सम्झौता भएकोमा देखिएको व्यहोरा निम्न बमोजिम छन ।

२८.१. **लागत अनुमानः** नगरपालिकाले आशापुरी रोडा ढुङ्गा सप्लायर्स प्रा लि बाट उत्पादन हुने खानीजन्य पदार्थको ढुङ्गा, गिट्टी, ग्राभेल, रोडाको संकलन शुल्क प्रति घ मि ९।र माटो प्रति घ मी २।५० को दरले रु.१२००००००। र ढुवानी गर्ने सवारी साधनमा सडक स्तरोन्नती शुल्क प्रति सवारी रु.३००।ले रु.३००००००। गरी मु अ कर बाहेक रु. १५००००००।को लागत अनुमान स्वीकृत गरेकोमा उक्त लागत अनुमान के कसरी कायम गरेको हो सोको विस्तृत विवरण तथा प्रमाण कागजात पेश हुन नआएकोले लागत अनुमान कायम गरेको अंक एकिन भएन ।

२८.२. **प्रतिस्पर्धाः** बोलपत्र गर्दा एक भन्दा बढीको बोलपत्र दाताहरुको सहभागी गराइ प्रतिस्पर्धात्मक

| | | |
|---|---|---|
| | वातावरणमा बढी भन्दा बढी बोलकबोल गराउनु पर्नेमा एकमात्र बोलपत्र दाखिला भएको भनी लागत अनुमानको ०.०६ प्रतिशतमात्र बढी कबोल गरेको एक मात्र बोलपत्र सेफवे कन्स्ट्रक्सन प्रा लि काठमाण्डौको ठेक्का स्वीकृत गरेकोले बोलपत्र प्रतिस्पर्धा भएको पाएन । | |
| २८.३. | **व्याज बांकीः** ठेकेदार सेफवे कन्स्ट्रक्सन प्रा लि संग भएको सम्झौता अनुसार मुल्य अभिबृद्धिकर समेत रु.१६९६१३००। को तिन किस्तामा बुझाउनु पर्ने भएकोले ठेकेदारबाट पहिलो किस्ता कुल कबोल अंकको तेतिस प्रतिशतले हुने रु.५५९७२२९।सम्झौता गरेको बखत मिति ०७६।४।२३ मा , दोस्रो किस्ताको रु.४४५९४७१।मिति ०७६।९१७ मा र तेस्रो किस्ता रु.४०९३३००। मिति ०७७।३।३१ मा दाखिला गरेको आधारले सम्झौता रकमको रु.१४१५००००।मात्र नगरपालिकाको बैक खातामा दाखिला गरेको छ। मुल्य अभिबद्धि कर समेत रु.१९५१३००।तिन किस्तामा दाखिला गरेको देखियो ।सम्झौता बमाजिम नपुग रु. ८६००००।मिति २०७८।२।२७ मा दाखिला गरेकोले ढिला रकम दाखिलाको बार्षिक १० प्रतिशतको दरले व्याज असुल गर्नुपर्नेमा गरेको छैन।कार्यपालिकाको ०७७।११।९ मा बसेको बैठकले ०७६।१२।११ बाट बन्दाबन्दीको कारण मर्का परेको भनी छुट माग निवेदन अनुसार तिन महिनाको रकम छुट दिन निर्णय समेत गरेको भएता पनि यस वर्ष ठेकेदारलाई छुट दिएको छैन। | |
| २८.४. | **सम्झौतामा उल्लेख नगरेकोः** संमझौतको बुदां नं ६ मा रकम तिन किस्तामा बझाउनु पर्ने संझौता हुंदाका अवस्थामा दाखिला गरेको पहिलो किस्ता बाहेकका दोस्रो र तेस्रों किस्ता बुझाउंदा अघिल्लो किस्ताको म्याद भुक्तान हुनु भन्दा सात दिन अगाबै बुझाएको हुनुपर्ने उल्लेख गरेकोमा दोस्रो र तेस्रो किस्ता कहिले सम्म बुझाउनु पर्ने भनी सम्झौतामा स्पष्ट गरेको देखिएन ।ठेकेदारले किस्ता ढिला दाखिला गरे कुन दरमा कति जरिवाना लिने भनी उल्लेख गरेको देखिएन।प्रत्येक किस्ता कबोल अंकको तेतिस प्रतिशतको दरले बुझाउनु पर्ने उल्लेख गरेकोमा ठेकेदारले दोस्रो र तेस्रो किस्ता सम्झौता अंक भन्दा घटी बुझाएको अवस्थामा पनि नगरपालिकोले बार्षिक १० प्रतिशतले ठेकेदारबाट व्याज असुल गर्नुपर्नेमा सो समेत गरेको देखिएन ।तसर्थ सम्झौतामा सवै कुरा स्पष्ट खुलाइ गर्नु उपयुक्त देखिन्छ । | |
| २८.५. | **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी  ब्यबस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानीयले सङ्कलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । यस बनेपापालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु १४१५०००० राजस्व प्राप्त गरेकोमा रु २७९०२५९।२६ प्रदेशसंचितकोष जम्मा गरेको पाईयो गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जुमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन | |

तथा बाँडफाँड गर्नुपर्दछ ।

२९. **बहाल सम्बन्धमाः** भवन बहालमा लिने दिने सम्बन्धी सम्झौता पत्रको बुदां नं ९ मा दोस्रो पक्षले कुनै पनि किसिमका परिस्थिति देखाइ ठेक्का रकम मिनाहाको लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन भनी उल्लेख गरेकोमा नगरपालिकाको २०७७ साल फागुन ९ गतेको कार्यपालिका बैठकले २०७६साल चैत्र ११ गतेबाट भएको बन्दाबन्दीका कारण मर्कामा परेको भनि छुट माग गर्ने निम्न घर, भवन र बुडोल सपिङ्ग कम्प्लेक्स समेत बहालमा लिनेहरुको बार्षिक बहाल रकममा हाल सम्मको बक्यौता रकम चुक्ता गरेमा मात्र तिन महिनाको बहाल छुट दिने निर्णय गरेको देखियो । निर्णय अनुसारको बहालमा छुट दिन बहालवाला तथा करदाताले बक्यौता रकम बुझाउनु पर्नेमा हाल सम्म बक्यौता रकम नबुझएकोले बार्षिक १० प्रतिशतले हुने व्याज समेत असुल गर्नुपर्ने रु. ६७९३०३८

| बाहालवालाको नाम | मासिक बाहाल | बार्षिक बुझाउनु पर्ने रकम | न.पा.ले प्राप्त गरेको रकम | न पा ले प्राप्त गर्न बांकी | छुट दिनु पर्ने रकम |
|---|---|---|---|---|---|
| बसपार्क स्थित सामुदायिक भवनको भुइतल्लाको सबै सटर -पटुवाल नि. से. | १००००० | १२००००० | ३००००० | ९००००० | ३००००० |
| पुरानो सपिङ्ग कम्प्लेक्स-राजन दाहाल | ४३४७२७ | ५२१६७२४ | २१७२८१६ | ३०४३९०८ | १३०४१८१ |
| नयां सपिङ्ग कम्प्लेक्स भवन ए का सवै-चुडामणी काफ्ले | ३१५१०० | ३७८१२०० | २५२०८०० | १२६०४०० | ९४५३०० |
| नयां सपिङ्ग कम्प्लेक्स भवन बी का सवै-अशोक फेन्सी स्टोर | १६६६६६ | १९९९९९२ | ११६६६६२ | ८३३३३० | ४९९९९८ |
| साबिक वडा नं ६ को कार्यालयको भुइतल्लाको सटर - सुजित वादे | १५०००। | १८००००। | ४५०००। | १३५०००। | ४५०००। |
| बस पार्क भित्रको ग्यारेजको बहाल-विमल पाण्डे | ३२७०० | ३९२४०० | ६५४०० | ३२७००० | ९८१०० |
| बुडोल सपिङ्गकम्प्लेक्स - नितेस राजभण्डारी | - | ११४८४०० | ८५५०००। | २९३४०० | २८७१०० |
| जम्मा | | १३९१८७१६ | ७१२५६७८ | ६७९३०३८ | |

**नगरपालिका पुँजिगत**

**उपभोक्ता समिति मार्फत कार्य**

३०. **लागत सहभागिता** — नगरपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३१. **उपभोक्तालाई पेश्कीः** कार्यालयले उपभोक्ता समितिहरुसंग सम्झौता गरे पश्चात रु.१ लाख भन्दा बढीका सम्झौतामा सम्झौता गरे लगत्तै प्रथम किस्तामा ३३ प्रतिशत, दोश्रो किस्तामा ३३ प्रतिशत र तेश्रो किस्तामा ३४ प्रतिशतका दरले हुने रकम उपभोक्तालाइ पेश्की मार्फत रकम उपलव्ध गराउने गरेको पाइयो । यसरी पेश्की उपलव्ध गराउदा कुनै जमानत लिइएको छैन । उपभोक्ता समितिले खरिद गर्ने निर्माण सामाग्रीको आधारमा उनीहरुको क्षमतालाई समेत विचार गरी उपलव्ध गराएको देखिएन । सबै प्रकारको सम्झौतामा शुरुमै पेश्की उपलव्ध गराउने गरेको छ ।जसले गर्दा सरकारी रकमको सदुपयोग र जोखिम न्यूनिकरणमा थप चुनौती बढ्न सक्ने देखियो ।यसप्रकारका कार्यमा नियन्त्रण हुनु जरुरी छ।

३२. **मधुको घरदेखि गौरा सम्मको बाटो स्तरोन्नतीको** लागि सामुदायिक मार्ग ग्राभेलिङ्ग उपभोक्ता समितिले सम्पन्न गरेको कामको मुल्यांकन रु.११९६४८७।०८ मा उपभोक्ताको जनश्रमदानको अंश कट्टा गरी

| | | |
|---|---|---|
| | भौ नं ८२४।०७६।११।१६बाट रु.९९००००। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन। | |
| ३२.१. | **लागत अनुमानः** मधुको घर देखि गौरा गांउसम्मको बाटो स्तरोन्नतीको लागि रु.५०००००। बजेट व्यवस्था भए बमोजिम रु.५९००१७।३० को लागत अनुमान स्वीकृत गरेकोमा थप काम गर्नु परेकोले वडा कार्यालयकोको विकास बजेटबाट रु.५०००००। खर्च गर्ने गरी वडा कार्यालयको स्वीकृत अनुसार नगरपालिकाले सोही कामको पून रु.५९००१७।३० को छुट्टै लागत अनुमान स्वीकृत गरेको छ।लागत अनुमानलाई संशोधन गर्नुपर्नेमा एक योजनामा समान कामको लागी एउटै किसिमको आइटम वाइज काम भएको दुइ छुट्टा छुट्टै लागत अनुमान स्वीकृत गरेकोले योजनामा कुन काम कति परिमाण गर्नुपर्ने भनी एकिन गर्न नसिकने भएकोले दुइ छुट्टा छुट्टै लागत अनुमान स्वीकृत गराएन उपयुक्त देखिएन। | |
| ३२.२. | **बढी भुक्तानीः** बाटोमा आर सि सि ढलान गर्न १२ मि मि को फलामे डण्डी ११३.८ मिटर लम्वाइको १५ थान प्रयोग हुने अनुमान गरेकोमा सम्पन्न कामको प्राविधिक मुल्याकंनमा ११७ मिटर लम्वाइको १८ थान डण्डी प्रयोग गरेको देखियो।प्राविधिक मुल्याकंनमा लागत अनुमान भन्दा ३ थान बढी डण्डी प्रयोग गरेको भएता पनि उक्त बाटो ( आर सि सि ) ढलानको उपभोक्ता समितिले पेश गरेको फोटोमा १६ थान डण्डी मात्र राखेकोले २ थान बढी मुल्याकंन गरेकोले (२*११७*०.८९*११७.७७) रु.२४५२६।७८ बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. | २४५२६.७८ |
| ३२.३. | **बढी भुक्तानीः** बाटो ढलानको मुल्याकंनमा नापी तथा ठेक्का बिलमा ११७ मिटर लम्वाइ १८ थान डण्डीको १८ *११७ * kg/m@ ०.८९ *११७.७७ दरले रु.२२०७४१।मात्र भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले १८*११७*११७.७७ को दरले रु.२४८०२३।भुक्तानी गरेको देखियो।प्राविधिक मुल्याकंनको नापीमा जोड जम्मा फरक गरी रु.२७२८२।बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु. | २७२८२.०० |
| ३३. | **सांगा -आशापुरी सडक स्तरोन्नती** ०७६।०७७ मा बजेट व्यवस्था नभएकोले मागको आधारमा व्यवस्था गरेको बजेट रु.१८२०००००। बाट बोर्डको निर्यणले रु.१७५००००. व्यवस्था गरेकोले वडा नं १४ का सचिब सत्यजित भैलको उक्त सडक निर्माणको लागि लिएको पेश्की रु.१३५००००। फछ्यौंट गरी भौ नं ८९४।०७६।१२।६ बाट रु.१६३२८९०।खर्च गरेकोमा देखिएको व्यहोरा निम्न छन। | |
| ३३.१. | **लागत अनुमानः** उक्त सडकको ६ कि मि सम्म १० मिटर चौडा गर्न आशापुरी ढुङ्गा रोडा सप्लायर्सले निः शुल्क जे सि बि उपलब्ध गराउने र नगरपालिकाले जे सि बि को लागी आबश्यक इन्धन मात्र उपलब्ध गराउने भएकोले हेभि मेसिनको प्रयोग गरी बाटो खन्न नगरपालिकाले जे सि बि, डोजर,एक्साभेटरको लागत, चालकको पारिश्रमिक लगायत त्यस्मा लाग्ने इन्धन खर्च लाग्ने दर विश्लेषण गर्नुपर्नेमा सो नगरी जिल्ला दररेटमा मुल्य अभिबृद्धि कर समेत थप गरी कडा माटो १०४७३.१० घ मि प्रति रु.७४।२४ र मध्यम चट्टान २३७८.५० प्रति घ मि ४५०।५३ को दरले विश्लेषण गरी (मु अ कर बाहेक१६३६३९०) रु.१८४९१२१।४० को लागत अनुमान स्वीकृत गरेको छ । | |
| ३३.२. | **खर्चको प्रमाणः** उक्त काम सम्पन्न भएको भनी नगरपालिकाले कडा माटो कटीङ्ग १०४७३.१० घ मी को ७४।२४ ले र मध्यम चट्टान २३७८.५० घ मी को ४५०।५३ मु अ कर समेतको दरले रु.१८४९१२१।४० प्राविधिक मुल्याकंन गरेको आधारमा वडा सचिब सत्यजित भैलले के. सगरमाथा आयल स्टोरबाट १६७९५ लिटर डिजल खरिद गरेको १८ थान बिलको रु.१६३२८९०।भुक्तानी लिएको देखियो।बाटो चौडा गर्न आशापुरी ढुङ्गा रोडा सप्लायर्सले निः शुल्क जे वि सी उपलब्ध गराउने भएकोले जे वि सि संचालनमा लागेको इन्धन खर्च मात्र नगरपालिकोले व्यहोरिनु पर्ने देखियो ।प्राविधिकले सम्पन्न काममा कति इन्धन खर्च भयो मुल्याकंन गरी इन्धनको मुल्य मात्र भुक्तानीको लागि सिफारिस गर्नुपर्नेमा सम्पन्न कामको परिमाणलाई जिल्ला दररेटमा मु अ कर समेत थप मुल्याकंन गरेको छ ।तसर्थ उक्त बाटो निर्माण काममा कति इन्धन खर्च भयो भनि कुनै आधार प्रमाण विना नै | |

| | | |
|---|---|---|
| | १६७९५ लिटर डिजल खरिद गरेको बिल संलग्न गरी निर्माण कामको प्राविधिक मुल्याकंनको हराहरीमा इन्धन खरिद गरेको बिल बमोजिम भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु. | १६३२८९० |
| ३४. | **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले भौ न मिति ३२८।०७६।६।१ मा १४ वडा कार्यालयहरुमा सम्पति, भुमिकर र आय लेखा सम्वन्धि सांग्रीला इन्फोरमिटक्स प्रा लि काठमाण्डैबाट सफ्टवेयर खरिद गरी रु.४९८३३०। खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ३५. | **बिलमा बिवरण नखुलाएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम निर्माण कामको प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सकिने उल्लेख गरेको छ। नगरपालिकाले निम्न योजनाको भुक्तानी गर्दा नापी किताब र भुक्तानी बिलमा योजनाको नाम, सम्झौता मिति, सम्पन्न मिति, सम्झौता रकम, सम्पन्न गर्ने मिति, सम्पन्न भएको मिति, नांपजांचको मिति लगायत हाल सम्म भएको कामको प्राविधिक मुल्याकंन र अधिल्लो बिलको भुक्तानी र हाल भुक्तानी दिनु पर्ने विवरण समेत खुलाउनु पर्नेमा उपरोक्त कुनै बिवरण नखुलाइ एक मुष्ट जम्मा कामको मात्र प्राविधिक मुल्याकंन गर्ने गरेकोले योजनाको वास्तविकता खर्च एकिन नभएको। | |
| ३५.१. | (see table below) | |

| भौ न मिति | योजनाको नाम | योजना शुरु | जम्मा प्राविधिक मुल्याकंन | हाल भुक्तानी रकम |
|---|---|---|---|---|
| ४२५।०७६।६।१५ | त्रिवेणी द्रयवास भञ्याङ्ग सडक | २०७५।७६ | २८७३५१३।९१ | ९२४७७९ |
| ७११।०७६।१०।१६ | लायकु खुल्ला सभाहल निर्माण | २०७५।७६ | ४८६६७१७। | ९९१३६०। |
| ११०१।०७७।३।७ | चण्डेश्वरी स्नान गृह तथा पिकनिक स्पोर्ट निर्माण | ०७५।०७६ | ३३९२९५९।२१ | ४३९४९८। |

| | | |
|---|---|---|
| ३६. | **पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौतामा तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने उल्लेख छ ।वडा नं १२ स्थित भैसेपाटी वांसडोल सडक निर्माणको लागि रु.१९९९९८३१।९५ को लागत अनुमानमा ई विडिङ्गबाट बोलपत्र आह्वान गरेकोमा सब भन्दा कम कबोल गर्ने साङदेन कन्स्ट्रक्सन बनेपाको लागत इष्टीमेट भन्दा ४९.५० प्रतिशत घटी रु.९९०१५९२।४३मा ठेक्का सम्झौता भएको छ। सम्झौता मिति २०७६।३।३१ अनुसार १५० दिन (२०७६।८।२७) सम्म सम्पन्न गर्नुपर्ने उल्लेख गरेकोमा निर्माण व्यवसायले २०७६।८।३० मा रु.९९०१५९२।४३ को कार्य सम्पन्न गरेको बिल तथा सम्पन्न प्रतिवेदन अनुसार भौ नं ४५८।०७६।६।१६ बाट पहिलो बिलको रु.४१८८१५८। र भौ नं ७२२।०७६ ।१०।१७ बाट अन्तिम बिलको रु. ५७१३४३३।भुक्तानी गरेको छ। नियम अनुसार ढिला काम सम्पन्न गरेको ३ दिनको रु.१४८५२।३८ पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने देखिएको रु. | १४८५२.३८ |
| ३६.१. | **बिल भन्दा बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाइ सहितको लेखा राखु पर्ने भनी उल्लेख गरेको छ। वडा नं १२ स्थित भैसेपाटी वांसडोल सडक निर्माणको निर्माण व्यवसायी साङदेन कन्स्ट्रक्सनलाई भौ नं ७२२।०७६।१०।१७ बाट अन्तिम बिलको रु.५७१३४३३। भुक्तानी गर्दा प्रोभिजनल सममा रहेको बीमा र ल्याबटेष्ट वापत रु. ८८४९५।५८ मा १३ प्रतिशत मुल्य अभिबृद्धिकर रु.११५०४।४२ थप गरी रु.१०००००। भुक्तानी गरेकोमा निर्माण व्यवसायीले बीमाको रु.३३३४१।४९ र ल्याबटेष्टको रु. ५६५००।को मात्र बील पेश गरेकोले रु.१०१५८।५१ बढी भुक्तानी गरेकोले असुल गर्नु पर्नु रु. | १०१५८.५१ |

३६.२. **कार्यसम्पादन जमानतको अवधिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख गरे अनुसार सम्झौता अवधि २०७६।३।३१ ले १५० दिन (२०७६।८।२७) भित्र कार्य सम्पन्न गर्नुपर्ने उल्लेख गरेको छ ।नियम अनुसार निर्माण व्यवसायीले कार्य सम्पादन जमानतको अवधि २०७७ पौष मसान्त सम्मको पेश गर्नुपर्नेमा जुलाइ १५ २०२० (२०७७।३।३१) सम्मको मात्र अवधि भएको एन सि सि बैंकबाट जारी गरेको रु.४०४४५००।को कार्यसम्पादन जमानत पेश गरेकोले नगरपालिकाले थप अवधिको लागि बैंक जमानत लिएको प्रमाण पेश नगरेको ।

३७. **प्रमाण पेश नभएकोः** नगर कार्यापालिकाको मिति २०७६।६।१६ मा बसेको बैठकले मोती बिन्दुको शल्यक्रिया गरे वापत प्रति व्यक्तिको रु.४६५०।दिने निर्णय गरे अनुसार रेयुकाई एड्को मासुनागा आंखा अस्पातालले पेश गरेको विवरण अनुसार निम्न संख्यामा बिरामीको शल्यक्रिया गरेको भनी रु.१३६७१००।भुक्तानी गरेको देखियो ।मोती बिन्दु शल्यक्रियाको लागि अस्पतालमा भर्ना भएको तथा दर्ता भएको अभिलेख र रकम माग गरेको बिवरण भिडान गरी भुक्तानी गर्नुपर्ने भएकोले उक्त अस्पतालबाट मोति बन्दुको बिरामी लगायत सबै प्रकारका बिरामी दर्ता गरेको एक वर्षको दर्ता किताबको प्रतिलिपि उपलब्ध गराएकोले अनुदान पाउने बिरामीहरुको छुट्टै अभिलेख व्यबस्थित गरी राखु पर्दछ ।

| भौ न मिति | भुक्तानी लिएको संख्या | भुक्तानी रकम |
|---|---|---|
| ५७६।०७६।८।२० | १६९ | ७८५८५०। |
| ९५९।०७७।२।२० | १०५ | ४८८२५०। |
| ९७५।०७७।२।२२ | २० | ९३०००। |
| **जम्मा** | **२९४** | **१३६७१००।** |

३८. **बढी दरमा भुक्तानीः** द्रयवास थली टल्चोक काशी भञ्याङ्ग सडक निर्माणको प्राविधिक मुल्याकंन अनुसार उपभोक्ता समितिलाई भौ नं १०१४।०७७।२।२६ बाट रु.९९००००। भुक्तानी गरेको छ। एक्साभेक्टरले ८६१० घ मि माटो कटिङ्ग गरेको भनी प्रति रु.८०।५० को दरले रु.६९३१०५।प्राविधिक मुल्यांकंन गरे अनुसार उपभोक्ता समितिलाई भुक्तानी गरेको छ।काभ्रेपलाञ्चोक जिल्लाको दररेट निर्धारण समितिबाट स्वीकृत दरमा मेसिनको प्रयोग गरी कडा माटो कटीङ्गको प्रति घ मी ६५।७० उल्लेख गरेकोले सो दरमा मुल्य अभिबृद्धि कर थप गरी रु.७४।२४ ले भुक्तानी गर्नुपर्नेमा प्रति घ मी ६।२६ बढी हुने गरी भुक्तानी गरेकोले उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रु.५३८९८।६० असुल गर्नुपर्ने रु. ५३९८९.६०

३९. **निर्माण ब्यवसायीबाट काम गराएकोः** सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७ को उप नियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण ब्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भनी उल्लेख गरेकोमा निम्न उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण काम गर्न नगरपालिकासंग सम्झौता गरी नियम विपरित निर्माण ब्यवसायीबाट उक्त निर्माण काम गराई समितिले सम्झौता बमोजिमको रकम भुक्तानी लिने गरेको देखियो यस बाट उपभोक्ता समिति तथा नगरपालिकाले सार्वजनिक खरिद नियमावलीको पालन गरेको देखिएन यसका केही उदाहरण निम्न बमोजिम छन ।

| भौ न मिति | योजनाको नाम | लागत अनुमान | निर्माण व्यवसायी | समितिबाट भुक्तानी |
|---|---|---|---|---|
| १०६०।०७७।२।३२ | भक्तेश्वर मार्ग कालो पत्रे | ३४८८२४२। | ओम मंगल मुर्ति कस्ट्रक्सन | २६४५९९४ |
| १०६१।०७७।२।३२ | भक्तेश्वर मार्ग कालो पत्रे दोस्रो | ५००८३६६। | ओम मंगल मुर्ति कस्ट्रक्सन | २४७५००० |
| १०६२।०७७।२।३२ | वडा११ सामुदायिक भवन ट्रष्ट निर्माण | १५०९७२३। | कन्चन इन्टरप्राइजेज क प्रा लि | १४८५००० |
| १२८२।०७७।३।३० | नाला काशी भञ्जाङ्ग सडक | २३६४१२२। | नवआदर्श निर्माण सेवा | १७८०२३७ |

| | | | | |
|---|---|---|---|---|
| | ३ | | दाप्चा निर्माण सेवा | ४६२६३०। |

४०. **बढी भुक्तानीः** वडा नं ९ स्थित ग्वाध मार्ग आर सि सी ढलान काम सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार रु.११७०६७८।मा उपभोक्ता समितिको अंश कट्टा गरी भौ नं ११२५।०७७।३।१५ बाट रु.७४२५००। समितिलाई भुक्तानी गरेको छ । ७० मिटर सडक ढलानको लागी १२ मि मि डायाको फलामे डण्डी २३ *७० * kg/m@ ०.८९ *११७.७७ ले रु.१६८७५२।६२ को मुल्यांकन अनुसार उपभोक्ता समितिलाई भुक्तानी गरेको देखियो ।उपभोक्ता समितिले पेश गरेको ढलानकामको फोटोमा १२ मि मि डायाको फलामे डण्डी २० मात्र प्रयोग गरेको देखिएको २० *७० * kg/m@ ०.८९ *११७.७७ ले रु.१४६७४१।४२ मात्र भुक्तानी गर्नुपर्नेमा रु.२२०११।२१ बढी भुक्तानी गरेको असुल गर्न पर्ने रु. २२०११.२१

४१. **सम्झौता भन्दा कम कामः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यानवयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएसन आदेश दिनु पर्ने व्यवस्था गरेकोमा निम्न निर्माण व्यवसायीले सम्झौता भन्दा घटी कार्य सम्पन्न गरेको अवस्थामा स्पष्ट कारण खुलाएको तथा भेरिएसन आदेश नदिइ सम्पन्न कामको मात्र मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको विवरण निम्नानुसार छन।

| भौ नं मिति | योजनाको नाम | सम्झौता रकम | सम्पन्न मुल्यांकन | कार्य सम्पन्न प्रतिशत |
|---|---|---|---|---|
| ११४३।०७७।३।१७ | बन्चरे एकिकृत खा पा वडा नं १ | ३५२८५६१ | २२०७५९३ | ६२.५६ |

४२. **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौ न मिति | योजना | लागत अनुमान | भुक्तानी अवस्था | भुक्तानी रकम | सम्पन्न गर्नुपर्ने |
|---|---|---|---|---|---|
| ११७८।०७७।३।२३ | ३ नं वडा भवन निर्माण उ स | ७७७४३८९ | पहिलो बिल | २४५०००० | ०७७।३।१५ |
| १२३३।०७७।३।२६ | एकता मार्ग टोल सुधार समिति कालोपत्रको काम | २७१४८२६ | सम्पन्न | २२७७००० | सम्पन्न |
| ७।०७७।३।२९ | जगनाथ मार्ग नगर बि. टोल सुधार कालोपत्रको काम | ४९९९६२७ | प्रदेश पूर्वाधार बिकास तर्फ | ४२४९६८३ | सम्पन्न |

४३. **अनुत्पादक क्षेत्रमा खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिंदैन । नगरपालिकाले निम्नानुसारको कार्यक्रममा खर्च गरेको देखिन्छ ।

| **भौ न मिति** | **भुक्तानी पाउने** | **भुक्तानी रकम** |
|---|---|---|
| २५७।०७६।५।२५ | भिमसेन जात्रा संचालन | ३३००० |
| २७२।०७६।५।२५ | बनेपा पार्टी भ्यू तिजको कार्यक्रम | १५०००० |
| ४६३।०७६।६।३० | कोसा दाफा भजन खल | १००००० |
| ४७६।०७६।७।५ | बडा दशै र गाइ जात्रा खर्च | १४३६५९ |
| १०१७।०७७।२।२७ | दिपंकर चुडाकर्म संघलाई | १५०००० |
| १०८४।०७७।३।४ | चन्द बहादुर रंजित चण्डेश्वर जात्रा | १०१००० |

| | | |
|---|---|---|
| ११५८।०७७।३।१९ | चन्द बहादुर रंजित चण्डेश्वर मन्दिर पुजा | १०२३०० |
| ११७२।०७७।३।२२ | नैमिशारन्य गुरुकुल संचालन | ३००००० |

| | | |
|---|---|---|
| ४४. | **कन्टिन्जेन्सीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) संग सम्वन्धित अनुसूची १ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ । नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।०१।२४ को पत्र अनुसार कार्यालय, आयोजनाले खर्च गर्ने ४ प्रतिशत कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत पूंजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने अर्थात् चालु र पूंजीगत खर्चको अनुपात २ः२ हुनुपर्ने उल्लेख छ । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ मा आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्च सम्बन्धी विविध व्यवस्था छ । उपभोक्ताले गरेको कुल निर्माण कार्यमा जनसहभागिता वा लागत सहभागिताको अंश कट्टा गरी हुन आउने रकमलाई शत प्रतिशत मानि १ प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टी गरी नगरपाालिकाको संचित कोषमा राख्ने र बाकी रकम सम्वन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने गरेको पाइयो । यसरी विगत वर्ष देखि हालसम्म कट्टी गरेको कन्टिन्जेन्सी रकमबाट कुनै प्रकारको खर्च नगरिएको व्यहोरा कार्यालयले जनाएको छ । यस प्रकार विगत वर्ष देखि हालसम्म कट्टी गरेको कन्टिन्जेन्सी रकमको समग्र र योजनागत अभिलेख कार्यालयले अद्यावधिक गरेको देखिन आएन । | |
| ४५. | **उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले योवर्ष गरेको पूंजीगत खर्चको प्रायः सबैजसो निर्माण कार्यहरु उपभोक्ता समितिहरुबाट गराएको छ । जसमा निम्नानुसार देखियो । | |
| ४५.१. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न कामको खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाको कार्य सम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था रहेका छन् । उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ ।<br>मोटर बाटो खन्ने तथा चौडा गराउने, विभिन्न भवन निर्माण गर्ने लगायतका भौतिक पुर्वाधार क्षेत्रका विभिन्न कार्यमा खर्च गर्दा अधिकाशं कार्य उपभोक्ता समिति मार्फत गराउने गरेको छ । मोटरबाटो लगायत अधिकांश कार्यमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभिमेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । अधिकांश योजनामा १५ प्रतिशतसम्मको हाराहारीमा जनसहभागिताको अंश राखी सोही बमोजिम कार्य गराइएको छ । केहि थोरै योजनामा सो भन्दा बढी जनसहभागिताबाट कार्य गराएको देखियो । उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण तथा अन्य कार्यको नापी किताव, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा काम शुरु, सम्पन्न र फरफारक गरेको मिति र अवधि खुल्ने गरेको छैन । जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने, योजना कार्यन्वयनमा जनसहभागिता र अपनत्व बृद्धि नगर्ने, खर्च सार्वजनिक नगर्ने जस्ता कानूनमा उल्लेख भएका प्रावधानको पालना नगरेको प्रति सम्वन्धित प्राविधिक, कार्यालय तथा पदाधिकारीले समेत ध्यान दिएको देखिएन । उपभोक्ताले गर्ने जनसहभागिताको कार्यमा न्यून अंश मात्र कार्य हुने गरेको देखिएको हुदा श्रममुलक कार्यमा उपभोक्ताको तर्फबाट गरिने कार्यको अंशमा बृद्धि गरि योजनाको स्वामित्व र लागत प्रभावकारितामा बृद्धि गर्नुपर्ने देखियो । उपभोक्ता समितिबाट कार्य गराउदा कानूनको पूर्णरुपले अनुशरण र पालना गरेर गराउनु पर्दछ । | |
| ४५.२. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले | |

| | | |
|---|---|---|
| | सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायत कार्यक्रमको सार्वजानिक सुनवाई गरेको भएपनि सार्वजनिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको अत्यन्त न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । | |
| ४६. | **उपभोक्ता समितिलाई मू. अ. कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्नेमा पालिकाले निम्न योजनाको लागत अनुमान तयार गर्दा निमार्ण सामाग्रीको मुल्यमा मू.अ.कर थप गरी लागत तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी मूल्य अभिवृद्धि करवापतको रकम भुक्तानी दिएको छ।लेखापरीक्षणका लागि छनौट गरिएको तपसिल बमोजिमका उपभोक्ता समितिलाई तपसिल बमोजिम भुक्तानी भएकोमा नियम अनुसारको मु अ कर बिजक जारी नभएकोले मू.अ.कर रु.२२४२९।९० असूल हुनुपर्ने देखिएको रु. | २२४२९.९० |

| भौ न मिति | योजनाको नाम तथा समिति | मु अ कर भुक्तानी रकम | मु अ कर बिजक जारी | मु अ कर बिजक बेगर भुक्तानी |
|---|---|---|---|---|
| ११८५।०७७।३।२३ | गोठडांडा चतुरे भङगेरी सडक निर्माण उ स | १२८२७३।३७ | १०५८४३।४७ | २२४२९।९० |

| | | |
|---|---|---|
| ४७. | **सवारीसाधन खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ६ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. १४४५३९९।तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु. ३४१४०००। समेत रु. ४८५९३९९।खर्च गरेका छन् । | |

| भौ नं मिति | आपूर्ति कर्ताको नाम | सवारी सधानको नाम | भुक्तानी रकम | |
|---|---|---|---|---|
| १२०२।०७७।३।२५ | आई एम ई अटोमोटिक्स | ब्याक्हु लोडर १ थान | ३४१४०००। | |
| १२३४।०७७।३।२७ | आरम्भ अटो वर्क | मोटर साइकल ६ थान | १४४५३९९। | |

| | | |
|---|---|---|
| ४८. | **खरिद पाइपः** बाझवन खानेपानी उपभोक्ता समितिलाई रिजरभ्वयर टैंक र पाइपलाईनको काम सम्पन्न प्राविधिक मुल्याकंन अनुसार उपभोक्ता समितिको अंश कट्टा गरी भौं नं १२०८।०७७।३।२५बाट रु.५९४०००।भुक्तानी गरेको छ। प्राविधिक मुल्याकंन बिल अनुसार ६३/६ के जी को ७०० मिटर र २०/१० के जी को ६०० मीटर पाईप खरिद गरेको भनि रु.१९४६१०।भुक्तानी गरेकोले उक्त खरिद पाईप प्रयोग गरेको नापी किताबमा उल्लेख गरेको देखिएन। उक्त पाईप योजनामा प्रयोग नगरी खरिद मात्र गरेकोले कस्को जिम्मामा राखेको हो प्रमाण पेश गर्नुपर्ने रु. | १९४६१० |
| ४९. | **मूल्य अभिवृद्धि कर कट्टी** – आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले मोटर साइकल ६ थान खरिद गर्दा आरम्भ अटो वर्कलाई भौ नं १२३४।०७७।३।२७ बाट भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. ८३१४२।४२ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ८३१४२.४२ |

| | | |
|---|---|---|
| ५०. | **परामर्श सेवा** – सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोभैm खरिद गरी रु.५८९६९९।खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |

| भौ नं मिति | परामर्श विवरण | परामर्श दाताको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १२१६।०७७।३।२५ | ताला थापागांउ खा पा योजना | एकफ्लोर जियोफिजिकल कन्सुल्टेन्स | ९९६९९ |
| १२८५।०७७।३।३० | न पा को फोहर व्यवस्थापनको लागि फोहर जलाउने मेसिन स्थापना गरी संचालन गर्न | स्ट्रक्चर डिजाइन एण्ड सर्भिस प्रा लि | ४९०००० |

| | | |
|---|---|---|
| ५१. | **बढी पाइप खरिदः** महेश्वरी रोरा एकिकृत खानेपानी तथा सरसफाइमा पाइप लाइन जडानको काम सम्पन्न गरेको प्राविधिक मुल्यांकन रु.६७२२१३।मा उपभोक्ताको अंश कट्टा गरी भौ नं १२६७।०७७।३।२९ बाट रु.५९३८९३। भुक्तानी गरेको छ।उक्त खर्च मध्ये विभिन्न साइजको पोलिथिन पाइप २६०० मिटर खरिद गरी रु. ५०९४१७।खर्च गरेकोमा सम्पन्न कामको प्राविधिक मुल्याकंनमा ८७८ मिटर मात्र पाइपको लागि पाइपको ट्रेन्च खन्ने र पुर्ने काम भएको उल्लेख गरेको छ।योजनामा पाइप जडानको परिमाण भन्दा १७२२ मिटर बढी पाइप खरिद गरेकोले सो पाइप योजनामा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु. | ३३७३७४ |
| ५२. | **तालिम भत्ता बढीः** कार्यसंचालन निर्देशिका ,२०७५ को दफा ७.१.१५ मा सबै प्रकारको तालिम,गोष्ठी, सेमीनार र कार्यशाला संचालन सम्बन्धी खर्चको मापदण्डमा सम्बिन्धत कार्यालयलले संचालन गरेको तालिममा सोही कार्यालयका स्रोत व्यक्ती भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउनेछ भनी उल्लेख गरेको छ । नगरपालिकाले बिभिन्न मितिमा बिभिन्न बिद्यालयहरुमा किशोरी विकास कार्यक्रम तथा किशोरीहरुको जीवन उपयोगी सिप तालिम संचालन गरेको बिल भरपाइ अनुसार अधिकृत छैठौ विजया सुवेदीको पेश्की रु.१५००००। भौ नं ८४७।०७६।११।२२ बाट फर्छ्यौट गरेकोमा निजले पेश गरेको भरपाइमा निम्न पदाधिकारीहरुलाई कक्षा संचालन गरेको भनि प्रति कक्षा रु.१५००। दरले पारिश्रमिक भुक्तानी गरेको छ । कार्यसंचालन निर्देशिका, २०७५ अनुसार निजहरु नगरपालिकाको कर्मचारी भएकोले कार्यपत्र बापत रु.८००।मात्र पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा निम्नानुसार बढी रकम भुक्तानी गरेको रु. | १४२८० |

| कर्मचारीको नाम | तालिम संचालन मिति | लिएको कक्षा | पारिश्रमिक लिएको | पाउने कार्यपत्रको रकम | नपाउने बढी भुक्तानी भएको | कर कट्टा गरि बढी भुक्तानि |
|---|---|---|---|---|---|---|
| विजया सुवेदी | ०७६।९।२०-२२ | ४ | ६०००। | ३२०० | २८०० | २३८०। |
| | ०७६।१०।१७-१९ | ४ | ६०००। | ३२०० | २८०० | २३८०। |
| | ०७६।११।३-५ | ४ | ६०००। | ३२०० | २८०० | २३८०। |
| निर्माला कार्की | ०७६।९।२०-२२ | ४ | ६०००। | ३२०० | २८०० | २३८०। |
| | ०७६।१०।१७-१९ | ४ | ६०००। | ३२०० | २८०० | २३८०। |
| | ०७६।११।३-५ | ४ | ६०००। | ३२०० | २८०० | २३८०। |
| | | | | | जम्मा | १४२८०। |

| | | |
|---|---|---|
| ५३. | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन | |

गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका विभिन्न खर्चको आधारमा पूँजीगत शीर्षकबाट रु.२२६८९१६।भुक्तानी दिएको पाईयो ।केही विवरणहरु देहाय बमोजिम छन ।

| भौ नं मिति | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| ३१८।०७६।५।३० | मुलुकी देवानी संहिता कानुन सम्बन्धी सचेतना कार्यक्रम | १३००० |
| ३३९।०७६।६।५ | इन्टरकम टेलिफोनको लागि सामान खरिद | ९६००० |
| ३४१।०७६।६।७ | फोहर मैला तथा ढल व्यवस्थापन १२ जना कुचिकारको पारिश्रमिक श्रावण भाद्र र चाडपर्व खर्च | ३९६००० |
| ६३३।०७६।९।२७ | फोहर मैला तथा ढल व्यवस्थापन १२ जना कुचिकारको पारिश्रमिक मंसिरको | १३२००० |
| ११६०।०७७।३।१९ | फोहर मैला तथा ढल व्यवस्थापन १२ जना कुचिकारको पारिश्रमिक आषाढ | १३२००० |
| ४७४।०७६।७।५ | २९ औ अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसको खर्च | ९६४२५ |
| ६१९।०७६।९।२५ | जे टि ए नमराज घिमिरेको मंसिरको तलब | २३०६२ |
| ७७९।०७६।११।०६ | जे टि ए नमराज घिमिरेको माघको तलब | २३६१० |
| ९१५।०७७।१।२१ | जे टि ए नमराज घिमिरेको चैत्र र बैशाखको तलब | ६३२२० |
| ५७१।०७६।८।१९ | बिद्यालय लेखापाल र कार्यालय सहयोगीको पारिश्रमिक असोज र कार्तिक | १६८००० |
| ६३२।०७६।९।२५ | बिद्यालय लेखापाल र कार्यालय सहयोगीको पारिश्रमिक मंसिर पौष | १६५६६६ |
| ६३१।०७६।९।२५ | विद्यालय विकास सहजकर्ता मंसिर पौष परिश्रमिक | १५९९३३ |
| ११७३।०७७।३।३२ | ३० सामुदायिक विद्यालयमा थप पाठ्य सामाग्री खरिद अनुदान | ५००००० |
| ८२७।०७६।११।१२ | काभ्रे टेक्वान्डो आई टि एफ एकेडेमीलाई आर्थिक सहयोग | ३००००० |
| | जम्मा | २२६८९१६ |

५४. **पेश्की कट्टा नगरेकोः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ मा सार्वजनिक निकायले दिएको पेश्की सम्झौता बमोजिम प्रत्येक रनिङ्ग बिलबाट कट्टा गर्नुपर्ने उल्लेख गरेकोमा नगरपालिकाले वडा नं ३ को भवन निर्माणको पहिलो रनिङ्ग बिलको मुल्याकंन अनुसार उपभोक्ता समितिलाई भौ नं ११७८।०७७।३।२३ बाट रु.२४५००००। भुक्तानी गरेकोमा समितिलाई भौ नं ९१२।०७७।१।१७ बाट रु.२२४००००।पेश्की दिएको रकम नियम बमोजिम कट्टा गर्नुपर्नेमा पेश्की कट्टा नगरी रनिङ्ग बिल अनुसार पुरै रकम भुक्तानी गरेकोले नगरपालिकाले सार्वजनिक खरिद नियमावलीको पूर्ण रुपले पालना गरेको देखिएन।

**प्रदेश सशर्त पुँजीगत**

५५. **बढी दरमा भुक्तानीः** पाकुडोल मार्ग स्तरोन्नती कार्य अन्तर्गत पनौती सहायक मार्ग पाकुडलोल सडक बनेपा ७ हुँदै ११ जाने बाटो स्तरोन्नती गर्न उपभोक्ता समितिलाई दोश्रो रनिङ्ग बिल वापत गो.भौ.नं. १६।०७७।३।३० बाट रु.२०४००००। भुक्तानी गरेको छ । NP-3 Hume pipe 48 थान १२० मिटर खरीद गरेकोमा स्वीकृत नर्म्सको दररेट र उपभोक्तालाइ भुक्तानी गरेको दररेटमा देहायअनुसार फरक पारी बढी दररेट भुक्तानी भएको रकम रु.१,८५,४७७।१६ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. १८५४७७.१६

| विवरण | नर्म्सको दररेट | उपभोक्तालाई भुक्तानी | फरक | बढी भुक्तानी |
|---|---|---|---|---|
| ह्युम पाइप १२० मिटर | ७१८४।०४७ | ८७२९।६९ | १५४५।६४ | १८५४७७।१६ |

**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः**

५६. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ८ परियोजना सञ्चालन गर्न रु.१९८०००००।बजेट प्राप्त भएकोमा रु.१८३५१६७७। ।खर्च भई ९२.६८ प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार | ८ | १९८००००० | १८३५१६७७ | ९२.६८ |

५७. **जोड जम्मा फरकः** सामुदायिक भवन निर्माण वडा नं १३ को ढलानको काम सम्पन्न गरेको प्राविधिक मुल्याकंन अनुसार रु.४१७१६४१।मा उपभोक्ताको अंश कट्टा गरी भौ नं १०।०७७।३।२४ बाट रु.३७६१७१०। समितिलाई भुक्तानी गरेको देखियो ।भवनको छट पि सि सि (१:१.५:३ ) ढलानको मुल्याकंन अनुसार १६.८४ लम्वाइ, १२.९३ चौडाइ र ०.६० उचाइले जम्मा १३०.६४ घ मि हुनु पर्नेमा मुल्याकंनमा १३२.८३ घ मी देखाइ प्रति रु.१७४३३।ले रु. २३१५६२५।३९ भुक्तानी गरेकोले जोड जम्मा फरक पारी २.१९ घ मी को रु.३८१७८।२७ बढि भुक्तानी गरेको असुल गर्नुपर्ने रु. ३८१७८.२७

**प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमः**

५८. पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वियन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ८ परियोजना सञ्चालन गर्न रु.१२००००००।बजेट प्राप्त भएकोमा रु.११९९००००।खर्च भई १०० प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ ।

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार | ४ | १२०००००० | ११९९०००० | १०० |

**नगरपालिका चालु**

५९. **तलबी प्रतिवेदन पास नभएकोः** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)मा मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन नमिल्ने उल्लेख छ तर नगरपालिकाले वार्षिक तलब, ग्रेड तलबी प्रतिवेदन पास नगराई विभिन्न सेवाका २७ जना निजामती कर्मचारीहरुको रु.१३८८३३८६.६ खर्च लेखेको छ। तलबी प्रतिवेदन पास नगराईकन पारिश्रमिक खर्च लेखेकाले कार्यालयको वास्तविक तलब, भत्ता खर्च यकिन गर्न सकिएन।

६०. **बैठक भत्ताः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५को परिच्छेद सात ७.१.१ मा बैठक कार्यालय समय अघि वा पछि हुनु पर्ने, एउटै निकाय वा अन्तर्गतका पदाधिकारी\कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्न सक्ने उल्लेख गरेकोमा नगरपालिकाले बिभिन्न बोलपत्र तथा सिलबन्दी दरभाउ पत्र खोल्दा र मुल्याकंन गर्दा बसेको बैठकका सदस्य लगायत आमन्त्रित बिभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई बैठक भत्ता निम्न भौ न तथा मितिबाट भुक्तानी गरी खर्च गरेकोमा कार्य संचालन निर्देशिका विपरित नगरपालिकाको मात्र पदाधिकारी\कर्मचारी बसेको विभिन्न मिति बैठक बापत खर्च लेखेकाले नियम विपरित भत्ता खर्च गरेकोले निम्न अनुसार सम्बन्धित भत्ता बुझिलिने बाट असुल गर्नपर्ने ।

६०.१. कार्यालयको लागि आवश्यक मसलन्द सामाग्री तथा फर्निचर सामाग्री खरिद दरको प्रस्ताव मूल्याङ्कनका लागि मिति २०७६।०५।०२ र २०७६।०५।१७ मा बसेको बैठक भत्ता बापत गो.भौ.८२-२०७६।०५।२६ बाट खर्च रु.१४००० लेखेको असुल गर्नुपर्ने रु. ११९००.००

| कर्मचारीको नाम, थर | पद | बैठक संख्या | जम्मा बैठक भत्ता | असुल गर्नपर्ने रु. |
|---|---|---|---|---|
| भोजराज घिमिरे | प्र.प्र.अ | २ | २००० | १७०० |
| धुर्वराज नेपाल | ब.रा.अ | २ | २००० | १७०० |
| यज्ञ प्रसाद वैद्य | यो.अ | २ | २००० | १७०० |
| निर्मल मुस्याजु | ले.अ | २ | २००० | १७०० |
| जुजुभाई सुद्धकार | ज.अ | २ | २००० | १७०० |
| धन बहादुर बादे | सा.पाचौ | १ | १००० | ८५० |
| विष्णुप्रसाद सुवाल | सा.चौ | २ | २००० | १७०० |

| | | | | |
|---|---|---|---|---|
| अमिता कर्माचार्य | सा.पाचौ | १ | १००० | ८५० |
| **जम्मा असुल गर्नुपर्ने रु.** | ११९०० | | | |

| | | |
|---|---|---|
| ६०.२. | कार्यालयले गो.भौ २८३-२०७६।०७।०६ बाट पदाधिकारी बैठक भत्ता बापत जम्मा खर्च रु.५३००० खर्च लेखेकोमध्ये निम्न शिर्षकको बैठकमा कार्यालयका कर्मचारीहरु मात्र उपस्थित रही बैठक भत्ता खर्च लेखेकाले असुल गर्नुपर्ने रु. | १७००० |

| **कर्मचारीको नाम, थर** | **बैठक** | **जम्मा बैठक भत्ता** | **असुल गर्नपर्ने रु.** | **कैफियत** |
|---|---|---|---|---|
| भोजराज घिमिरे | १ | १००० | ८५० | बसपार्क पार्किङ तथा बहाल बिटौरी शुल्क असुली बोलपत्र मूल्याङ्कन समितिको बैठक |
| कृष्णप्रसाद कायस्थ | १ | १००० | ८५० | |
| यज्ञप्रसाद वैद्य | १ | १००० | ८५० | |
| निर्मल मुस्याजु | १ | १००० | ८५० | |
| श्यामकृष्ठ त्रिपाठी | १ | १००० | ८५० | |
| ध्रुवराज नेपाल | १ | १००० | ८५० | |
| **जम्मा असुल गर्नुपर्ने रु.** | ५१०० | | | |
| भोजराज घिमिरे | १ | १००० | ८५० | बसपार्क पार्किङ तथा उद्यान प्रवेश शुल्क असुली बोलपत्र मूल्याङ्कन समितिको बैठक |
| कृष्णप्रसाद कायस्थ | १ | १००० | ८५० | |
| यज्ञप्रसाद वैद्य | १ | १००० | ८५० | |
| निर्मल मुस्याजु | १ | १००० | ८५० | |
| श्यामकृष्ठ त्रिपाठी | १ | १००० | ८५० | |
| ध्रुवराज नेपाल | १ | १००० | ८५० | |
| **जम्मा असुल गर्नुपर्ने रु.** | ५१०० | | | |

मिति २०७६।०४।२० मा बसेको आशापुरी खानीजन्य पदार्थ संकलन, सडक स्तरोन्नती एवं शुल्क प्रयोजनको बोलपत्र मूल्याङ्कन बैठकमा कार्यालयकै ८ जना पदाधिकारी रही रु.८००० बैठक भत्ता लेखकोमा सम्बन्धित कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु.६८००

| | | |
|---|---|---|
| ६०.३. | कार्यालयले गो.भौ.११९-२०७६।०६।०५ बाट ध्रुवराज नेपालको गत आ.वको विभिन्न विषयको बैठक भत्ता बापतको रु.१०६००० पेश्की फछ्यौट गर्दा भुक्तानी भएको रु.३६५५०।- असुल गर्नुपर्ने रु. | ३६५५० |

| कर्मचारीको नाम, थर | बैठक संख्या | जम्मा बैठक भत्ता | असुल गर्नपर्ने रु. | कैफियत |
|---|---|---|---|---|
| भोजराज घिमिरे | ३ | ३००० | २५५० | शौचालय दस्तुर उठाउने, कर उठाउने बोलपत्र र कृषि उपकरण खरिद सम्बन्धी दरभाउ पत्र मूल्याङ्कन सम्बन्धी बैठक |
| निर्मल मुस्याजु | ३ | ३००० | २५५० | |
| शुरेश कुमार श्रेष्ठ | ३ | ३००० | २५५० | |
| कृष्ण प्रसाद कायस्थ | ३ | ३००० | २५५० | |
| यज्ञ प्रसाद वैद्य | ३ | ३००० | २५५० | |
| श्यामकृष्ण त्रिपाठी | ३ | ३००० | २५५० | |
| ध्रुवराज नेपाल | ३ | ३००० | २५५० | |
| **जम्मा असुल गर्नुपर्ने रु.** | १७८५० | | | |
| सचितानन्द केसी | २ | २००० | १७०० | विभिन्न समितिको बैठक |
| कपिल दुलाल | २ | २००० | १७०० | |
| गंगा बर्देवा | २ | २००० | १७०० | |
| प्रताप कुमार तामाङ | २ | २००० | १७०० | |
| यशोदा शर्मा | २ | २००० | १७०० | |
| रामप्यारी श्रेष्ठ | २ | २००० | १७०० | |
| मैया वि.क. | २ | २००० | १७०० | |
| ध्रुवराज नेपाल | २ | २००० | १७०० | |
| श्यामनारायण महतो | २ | २००० | १७०० | |
| मुकुन्द केसी | २ | २००० | १७०० | |

| | | | | |
|---|---|---|---|---|
| कमला हुमागाई | २ | २००० | १७०० | |
| **जम्मा असुल गर्नुपर्ने रु.** | **१८७००** | | | |

६०.४. नगरपालिकाले गो.भौ.६५४-२०७६।१०।२६ बाट पदाधिकारी बैठक भत्ता खर्च शिर्षकबाट भैसेपाटी सडक निर्माण कार्यको लागि गठित मूल्याङ्कन समितिको बैठक भत्ता बापत रु.४५००० खर्च लेखेकोमा कर कट्टा गरी रु३८२५०।- असुल गर्नुपर्ने रु. ३८२५०

| कर्मचारीको नाम, थर | पद | बैठक संख्या | जम्मा बैठक भत्ता | असुल गर्नपर्ने रु. |
|---|---|---|---|---|
| मोहन पौडेल | प्र.प्र.अ | ५ | ५००० | ४२५० |
| निर्मल मुस्याजु | ले.अ. | ५ | ५००० | ४२५० |
| सुरेश कुमार श्रेष्ठ | ई. | ५ | ५००० | ४२५० |
| श्याम कृष्ण त्रिपाठी | का.अ. | ५ | ५००० | ४२५० |
| यज्ञ प्रसाद वैद्य | यो.अ. | ५ | ५००० | ४२५० |
| धुर्वराज नेपाल | व.रा.अ. | ४ | ४००० | ३४०० |
| कृष्ण प्रसाद कायस्थ | प्र.अ. | १ | १००० | ८५० |
| बिनोद हुमागाई | आ.ले.प. | ३ | ३००० | २५५० |
| जय प्रसाद मानन्धर | ई. | ५ | ५००० | ४२५० |
| रामचन्द्र कर्माचार्य | स.ई. | ४ | ४००० | ३४०० |
| सुरेश थापा | सू.अ. | १ | १००० | ८५० |
| किरण श्रेष्ठ | यो.अ. | २ | २००० | १७०० |
| **जम्मा असुल गर्नुपर्ने रु.** | **३८२५०** | | | |

६०.५. गो.भौ.६९३-२०७६।११।०६ बाट मिति २०७६।०६।२८, २०७६।०७।०१ र २०७६।०७।२४ मा कम्प्युटर, प्रिन्टर आदि सामाग्री खरिद सम्बन्धी बोलपत्र मूल्याङ्कन बैठक भत्ता रु.३०००० खर्च लेखेकोमा कर कट्टा गरी रु.२५५००।- असुल गर्नुपर्ने रु. २५५००

| कर्मचारीको नाम, थर | पद | बैठक संख्या | जम्मा बैठक भत्ता | असुल गर्नपर्ने रु. |
|---|---|---|---|---|
| भोजराज घिमिरे | प्र.प्र.अ. | ३ | ३००० | २५५० |
| धुर्वराज नेपाल | व.रा.अ | १ | १००० | ८५० |
| कृष्ण प्रसाद कायस्ठ | प्र.अ | ३ | ३००० | २५५० |
| यज्ञ प्रसाद वैद्य | यो.अ. | ३ | ३००० | २५५० |
| निर्मल मुस्याजु | ले.अ. | ३ | ३००० | २५५० |
| विनोद हुमागाई | आ.ले.प | २ | २००० | १७०० |
| श्यामकृष्ण त्रिपाठी | कानुन अ. | ३ | ३००० | २५५० |
| सुरेश कुमार श्रेष्ठ | ई. | ३ | ३००० | २५५० |
| जुजुभाई सुद्धकार | ज.अ. | २ | २००० | १७५० |
| सुरेश कुमार थापा | आईटी अ. | ३ | ३००० | २५५० |
| अमिता कर्माचार्य | जिन्सी | १ | १००० | ८५० |
| विष्णु प्रसाद सुवाल | जिन्सी | ३ | ३००० | २५५० |
| **जम्मा असुल गर्नुपर्ने रु.** | **२५५००** | | | |

६१. **बढी संख्यामा पदाधिकारी रही बैठक भत्ता वितरणः** अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७५ को परिच्छेद ७ को बुदाँ नं.७.१.१ मा कानुन अनुसार गठित समितिका लागि मात्र बैठक भत्ता प्रदान गरिने उल्लेख छ। नगरपालिकाले गो.भौ.७३५-२०७६।११।२३ बाट गत आ.व.यज्ञ प्रसाद वैद्यको पेश्की फछ्र्यौट गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था बाहेकका पदाधिकारी रही विभिन्न समितिहरुलाई बैठक भत्ता वितरण गरेको देखिन्छ। कानुनमा व्यवस्था भएको भन्दा बाहेक रहेका पदाधिकारी बैठक भत्ता असुल गर्नुपर्ने रु. ९३५०

| कर्मचारीको नाम, थर | पद | जम्मा बैठक भत्ता | असुल गर्नपर्ने रु. | कैफियत |
|---|---|---|---|---|
| धुर्वराज नेपाल | व.रा.अ | १००० | ८५० | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा उल्लेख भए बाहेकका स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका पदाधिकारीहरुको बैठक भत्ता |
| कृष्ण प्रसाद कायस्ठ | प्र.अ. | १००० | ८५० | |
| यज्ञ प्रसाद वैद्य | यो.अ. | १००० | ८५० | |
| निर्मल मुस्याजु | ले.अ. | १००० | ८५० | |
| जुजुभाई सुद्धकार | ज.स.अ | १००० | ८५० | |
| सुरेश कुमार थापा | आई.टी.अ | १००० | ८५० | |
| जम्मा असुल गर्नुपर्ने रु. | ५१०० | | | |

| कर्मचारीको नाम, थर | पद | जम्मा बैठक भत्ता | असुल गर्नपर्ने रु. | |
|---|---|---|---|---|
| धुर्वराज नेपाल | व.रा.अ. | १००० | ८५० | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा उल्लेख भए बाहेकका बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरुको बैठक भत्ता |
| कृष्ण प्रसाद कायस्ठ | प्र.अ. | १००० | ८५० | |
| निर्मल मुस्याजु | ले.अ. | १००० | ८५० | |
| जुजुभाई सुद्धकार | ज.स.अ. | १००० | ८५० | |
| सुरेश कुमार थापा | आई.टी.अ | १००० | ८५० | |
| **जम्मा असुल गर्नुपर्ने रु.** | ४२५० | | | |

६२. **बैठक भत्ता स्पष्ट हुनुपर्नेः** नेपाल सरकार कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद ७ मा सरकारी कार्यालयले कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यक्रम, बैठक भत्ता वितरण गर्दा अपनाउनुपर्ने प्रावधान, खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधि उल्लेख गरिएको छ। कानून अनुसार गठित समितिहरुका लागि मात्र बैठक भत्ता प्रदान गरी कार्यविधि अनुरुप खर्च लेख्नुपर्दछ।नगरपालिकाको उक्त समिति कुन कानूनद्वारा गठित भई भत्ता वितरण गरेको स्पष्ट नभएकाले स्पष्ट हुनुपर्ने रु. १०३०००

| गो.भौ.-मिति | समितिको नाम | बैठक भत्ता रकम |
|---|---|---|
| ७११-२०७६।११।१४ | नगरपालिका आयोजना जाँचपास समिति | ९१००० |
| ७१०-२०७६।११।१४ | अपांगता परिचयपत्र वितरण तथा स्थानीय समन्वय समिति | १२००० |
| ९४०।२०७७।०३।०९ | अपाङ्गता परिचयपत्र सिफारिस | २८००० |
| ९४३-२०७७।०३।११ | नगरशिक्षा समिति | १९००० |
| ९५०-२०७७।०३।१४ | नगरशिक्षा समिति | २०००० |

६३. **सामाजिक सुरक्षा कर कट्टि नगरेकोः**आयकर ऐन २०५८ को दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भूक्तानी गर्दा अनुसूची-१ बमोजिमको दरले भूक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था उल्लेख छ। नगरपालिकाले कार्यालययमा कार्यरत कर्मचारीहरुको आयकर गणना गर्दा कर्मचारीहरुको चाडपर्व खर्च जोड जम्मा नगरीकन वार्षिक आयकर गणना गरी मासिक कर कट्टि गरेको छ ।नगरपालिकाले गो.भौ.१५७-२०७६।०६।१० बाट चाडपर्व खर्चमा कुनै कर कट्टी नगरीकन ९४ जना कर्मचारीहरुलाई भूक्तानी गरी रु. ३०१३३९१ खर्च लेखेकाले पारिश्रमिक भूक्तानी गर्दा लाग्ने न्यूनतम १प्रतिशत सामाजिक सुरक्षा कर कट्टी रकम सम्बन्धित कर्मचारीहरुबाट असुल गरी संघीय राजस्व खातामा दाखिला गर्नुपर्ने रु. ३०१३४

६४. **नाफामूलक संस्थालाई अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। तर पालिकाले निम्न संस्थालाई अनुदान उपलब्ध गराएको छ।

| संस्थाको नाम | अनुदान रकम रु. |
|---|---|
| काभ्रे होटल तथा रेष्टुरेन्ट व्यावसायी संघ | ५०००० |

| | | |
|---|---|---|
